प्रमोद भट्ट, देवेन्द्र उप्रेती र लोकरञ्जन पराजुली


# उच्च शिक्षाको विस्तार = निजीकरण

**उच्च शिक्षा क्षेत्र पनि नाफामूलक व्यवसाय बन्न पुग्यो। उच्च शिक्षामा भएको निजी लगानीले गर्दा बजारमा सजिलै बिक्ने 'खास प्रकारका शैक्षिक कार्यक्रम' को मात्र विस्तार भइरहेको छ। उदाहरणका लागि पूर्वाञ्चल र पोखरा विश्वविद्यालयसँग आबद्ध करीव ८० प्रतिशत क्याम्पसले व्यवस्थापन र प्राविधिक (इन्जिनियरिङ/मेडिसिन) विषय पढाउँछन्।**

नेपालमा पहिलो कलेज (त्रिचन्द्र सन् १९१८) खुलेको करीव १०० वर्षको अवधिमा कलेजको कुल संख्या १३ सयको हाराहारीमा पुगेको छ। प्रारम्भमा त्रिचन्द्र कलेज भारतीय विश्वविद्यालयसँग सम्बन्धन लिएर स्थापना भएको थियो भने अहिलेका कलेज नेपालकै नौमध्ये छवटा विश्वविद्यालयबाट सम्बन्धन लिँदै स्थापना भएका हुन्। यसबाहेक, करीव तीन दर्जन कलेज विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालनमा रहेको बताइन्छ। यो तथ्यले नेपालमा उच्च शिक्षाको विस्तार 'सम्बन्धन' मार्फत भएको प्रष्टयाउँछ। सम्बन्धन मार्फत भइरहेको उच्च शिक्षाको यस्तो विस्तारले प्रकारान्तरमा उच्च शिक्षाको निजीकरणलाई बढावा दिएको छ। र, निजीकरणले गर्दा उच्च शिक्षामा बजारीकरण, क्षेत्रीय तथा वर्गीय असन्तुलन तथा निश्चित विषयको ग्रामीणीकरण भएको छ।

## उच्च शिक्षा विस्तारको सारसंक्षेप

सन् १९५१ को राजनीतिक परिवर्तनपछि नेपालमा स्कूलका साथै कलेजहरू पनि धमाधम खुल्न थाले। सन् १९५९ मा त्रिभुवन विश्वविद्यालय (त्रिवि) स्थापना भएपछि त्यति वेलासम्म स्थापना भएका सबै कलेजलाई त्रिविको सम्बन्धन दिइयो। यस अवधिमा केही सरकारी तवरबाट खोलिएका क्याम्पस थिए भने बाँकी सबै स्थानीय समुदायले आआफ्ना क्षेत्रमा स्थापना गरेका थिए। त्रिविको स्थापनापछि पनि स्थानीय सक्रियतामा कलेजहरू खुल्नेक्रम जारी रह्यो र नयाँ खुलेका सबै कलेजले त्रिविबाट सम्बन्धन प्राप्त गरे। सन् १९७२ मा लागू गरिएको नयाँ शिक्षा योजना भनिने राष्ट्रिय शिक्षा पद्धतिको योजनाले नेपालको उच्च शिक्षालाई नियन्त्रित गर्ने लक्ष्य लियो र सञ्चालनमा रहेका सबै क्याम्पसलाई राष्ट्रियकरण गरियो।




गोविन्द लुईँटेल

पोखरा विश्वविद्यालयसँग आबद्ध कामाडौंको एउटा निजी कलेज।

तर उच्च शिक्षाको विस्तार पूर्ण रूपमा नियन्त्रण त्यसपछि पनि हुन सकेन र स्थानीय समुदायले स्थापना गर्न खोजेका कलेजलाई स्वीकृति र सम्बन्धन दिन सरकार बाध्य भयो।

सन् १९९० मा भएको राजनीतिक परिवर्तनपछि अन्य क्षेत्रमा जस्तै शिक्षा क्षेत्रमा पनि उल्लेख्य परिवर्तन आयो। यो कालखण्डमा स्कूले शिक्षामा भएको द्रुत विस्तार सँगसँगै माध्यमिक तह पार गर्ने विद्यार्थीको संख्या तीव्र गतिमा बढ्दै गयो। तर, धेरै विकसित देशमा जस्तो नेपालमा स्कूले शिक्षा पास गरेको विद्यार्थीका लागि रोजगारी उन्मुख वैकल्पिक धार (मुख्यत: प्राविधिक शिक्षा) को गतिलो व्यवस्था थिएन। यसले गर्दा स्कूले शिक्षा पूरा गरेका विद्यार्थीको ठूलो हिस्सालाई उच्च शिक्षामा जानै पर्ने बाध्यता रह्यो। त्यसमाथि, उच्च शिक्षामा सबैलाई बिनापरीक्षा सहज प्रवेश दिँदा भर्नाका लागि सधैं ठूलो दबाब रहन्छ।

सन् १९९०/९१ र २०१२/१३ को बीचमा उच्च शिक्षामा अध्ययनरत विद्यार्थी संख्यामा ६०० प्रतिशतले वृद्धि भएको छ। यही अवधिमा उच्च शिक्षा प्रदायक संस्थाहरूको संख्या ५४० प्रतिशतले वृद्धि भएको छ। तर, उच्च शिक्षामा सरकारी अथवा सार्वजनिक लगानी भने घट्तो छ। सन् २००१ मा शिक्षा बजेटको २१ प्रतिशत उच्च शिक्षाका लागि छुट्याइएको थियो, जुन सन् २०१४/१५ मा आइपुग्दा ८ प्रतिशतको हाराहारीमा झरेको छ। रोचक त के भने यो अवधिमा सरकारी लगानीकै सात वटा नयाँ विश्वविद्यालय खुलेका छन्। घट्तो सरकारी लगानी र बढ्दो उच्च शिक्षा विस्तारबीचको यो खाडललाई गैरसरकारी क्षेत्रबाट स्थापना गरिएका कलेजहरूले पुरेका त छन्। तर त्यस्ता सबै कलेजको सञ्चालनको आधार भनेको विद्यार्थीबाट उठाउने शुल्क नै हो।

## अपेक्षित तर योजनाविहीन विस्तार

सन् १९५९ मा त्रिवि स्थापना भएको केही समयपछि नै विराटनगर र पोखरा जस्ता शहरले पनि विश्वविद्यालय खोल्ने सपना देखेको र त्यस्तो सपनालाई मूर्त रूप दिन केही प्रयास पनि गरेको पाइन्छ। तर सन् १९९० को राजनीतिक परिवर्तनपछि मात्रै ती क्षेत्रमा सरकारले नयाँ विश्वविद्यालय स्थापना गर्‍यो। सबैभन्दा पहिले काठमाडौं विश्वविद्यालय स्थापना भयो भने त्यसपछि क्रमश: पूर्वाञ्चल र पोखरा विश्वविद्यालय स्थापना गरिए। सन् २००६ को दोस्रो जनआन्दोलनपछि सरकारले थप तीन विश्वविद्यालय स्थापना गर्‍यो, जसमध्ये मध्य र सुदूरपश्चिमका विश्वविद्यालयलाई क्षेत्रीय विश्वविद्यालय भनिएको पाइन्छ।

सरकारी नीति, योजनाका डकुमेन्ट तथा विभिन्न राजनीतिक दलका घोषणापत्र केलाउने हो भने तिनमा क्षेत्रीय लगायत विभिन्न विश्वविद्यालय स्थापना गर्ने योजना या वाचा गरिएकाले पछिल्लो कालखण्डमा स्थापना गरिएका उच्च शिक्षा संस्था अपेक्षित नै थिए। तथापि, न सरकारी योजना राजनीतिक दलका चुनावी घोषणापत्रमा यी नयाँ खोल्ने भनिएका विश्वविद्यालय कसरी स्थापित गर्ने, लगानीको स्रोत के हुने, तिनको स्वरूप कस्तो हुने, जस्ता प्रश्नको उत्तर पाइन्छ। पूर्वाञ्चल, पोखरा र लुम्बिनी बौद्ध विश्वविद्यालयका ऐन केलाउँदा यी विश्वविद्यालयको स्थापना कसरी हुन्छ र तिनको सञ्चालन खर्च कहाँबाट आउँछ या कस्ले बेहोर्छ भन्ने प्रष्टिन्न। तर, पदाधिकारीको नियुक्तिमा भने राज्यको नियन्त्रण रहन्छ भन्ने प्रष्ट देखिन्छ (कुलपति नै प्रधानमन्त्री र सहकुलपति शिक्षा मन्त्री हुने व्यवस्था छ)। प्रारम्भिक सोच र ऐनको प्रस्तावनामा भएका बेहोराले विश्वविद्यालयको ऐन बनाएर स्थापनाको घोषणा र पदाधिकारी नियुक्ति गरिदिएपछि ती संस्था आफै सञ्चालनमा आउँछन् भन्ने ठानिएको देखिन्छ।

त्यसैले, चाहे त्यो कार्यालय होस् या कर्मचारी या अर्थ कुनै पनि किसिमको व्यवस्था नगरी विश्वविद्यालय घोषणा र केही उच्च पदाधिकारी नियुक्त गरेपछि राज्यले आफ्नो जिम्मेवारी सकियो भनेर बसेको देखिन्छ। यसै कारण विश्वविद्यालयका प्रारम्भिक दिन कठिन रहे र उपलब्धिमूलक हुन सकेनन्। यी सबै विश्वविद्यालयका शुरूका

**तालिका १ : विभिन्न विश्वविद्यालयमा आंगिक र सम्बधनप्राप्त क्याम्पस तथा विद्यार्थी संख्याको अनुपात (सन् २०१२/१३)**

| विश्वविद्यालय (स्थापना वर्ष) | क्याम्पस | | | विद्यार्थी | | |
|---|---|---|---|---|---|---|
| | आंगिक | सम्बधन प्राप्त | आंगिक-सम्बधन प्राप्तको अनुपात | आंगिक | सम्बधन प्राप्त | आंगिक-सम्बधन प्राप्तको अनुपात |
| त्रिभुवन (सन् १९५९) | ६० | ९८१ | १ : १६.४ | १९६,९८५ | ३०३,७३२ | १ : १.५ |
| काठमाडौं (सन् १९९१) | ६ | १५ | १ : २.५ | ४,८७८ | ८,०७६ | १ : १.७ |
| पूर्वाञ्चल (सन् १९९४) | ३ | १२६ | १ : ४२ | ८५४ | २४,९४२ | १ : २९ |
| पोखरा (सन् १९९७) | ४ | ४९ | १ : १२.३ | १,७७४ | २२,६३३ | १ : १३ |
| **जम्मा** | ७३ | १,१७१ | १ : १६ | २०४,४९१ | ३५९,३८३ | १ : १.८ |

नोट : एउटै क्याम्पस इकाइले विभिन्न कार्यक्रमका लागि एकभन्दा बढी विश्वविद्यालयसँग सम्बन्धन लिएको हुन सक्ने भएकाले सम्बन्धन प्राप्त क्याम्पसको वास्तविक संख्या केही कम हुन सक्छ।

स्रोत : विश्वविद्यालय अनुदान आयोगको सन् २०१२/१३ को वार्षिक प्रतिवेदन।

पदाधिकारीले झोलामा विश्वविद्यालय बोकेर कुद्नुपर्ने अवस्था सृजना भयो। सन् १९९४ मा स्थापना भएको पूर्वाञ्चल विश्वविद्यालयले स्थापनाको चार वर्षपछि मात्र एउटा बीबीए कार्यक्रम सञ्चालन गर्न सक्यो। सन् १९९७ मा स्थापित पोखरा विश्वविद्यालयले पनि स्थापनाको साढे दुई वर्षपछि मात्र व्यवस्थापनमा एउटा कार्यक्रम सञ्चालन गर्न सक्यो। त्यस्तै, सन् २००४ मा स्थापित लुम्बिनी बौद्ध विश्वविद्यालयले पनि चार वर्षसम्म विद्यार्थी भर्ना गरेर पढाइ शुरू गर्न सकेन।

## निजीकरण मार्फत विस्तारको अर्थ-राजनीति

राज्यको पहलकदमीमा नयाँ विश्वविद्यालय त खुले तर तिनको संस्थागत विकास र सञ्चालनका लागि सार्वजनिक वित्तको सुनिश्चिता भने राज्यले गरिदिएन। (पछिल्ला तीन विश्वविद्यालय –मध्यपश्चिम, सुदूरपश्चिम र कृषि तथा वनविज्ञान– को हकमा भने सरकारी लगानीमा सञ्चालित हुने भनेर ऐनमै उल्लेख छ।) राज्यले अर्थको जोहो नगरेको तर अन्य क्याम्पसलाई सम्बन्धन प्रदान गर्न खुला छुट यी विश्वविद्यालयलाई दिएकाले 'आफै कमाएर धानिनुपर्ने' स्थितिलाई सम्बोधन गर्न सम्बन्धन एउटा मुख्य कार्यनीति बन्यो। फलत: १९९० को दशकमा स्थापित विश्वविद्यालयले खास गरी निजी क्षेत्रमा कलेज सञ्चालन गर्न चाहने उद्यमीहरूलाई सम्बन्धन प्रदान गर्न थाले। यसले गर्दा यी विश्वविद्यालयको विद्यार्थी संख्या बढ्यो, मुलुकभर यिनको उपस्थिति फैलियो र तिनै कलेज मार्फत आफूले प्रदान गर्ने विषयको पनि विस्तार भयो। र, यी सबैभन्दा महत्त्वपूर्ण रह्यो, आम्दानीको विस्तार।

विश्वविद्यालय अनुदान आयोगले प्रकाशित गरेका प्रतिवेदनअनुसार सन् २०००/०१ र २०१२/१३ को अवधिमा विश्वविद्यालयको आंगिक क्याम्पसको संख्या १४ प्रतिशत (८४ बाट ९६) ले वृद्धि भयो भने सम्बन्धन प्राप्त क्याम्पसको संख्या २६९ प्रतिशत (३३२ बाट १,१८०) ले वृद्धि भयो। यही अवधिमा विद्यार्थी भर्नाको अनुपातमा समेत महत्त्वपूर्ण फेरबदल भयो। सन् २०००/०१ मा कुल विद्यार्थीमध्ये करीव ६५ प्रतिशत आंगिक क्याम्पसमा अध्ययन गर्थे भने सन् २०१२/१३ मा आइपुग्दा सो अनुपात उल्टिएर सम्बन्धन प्राप्त क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीको संख्या ६४ प्रतिशत पुग्यो।

पछिल्लो दशकमा त्रिवि लगायत काठमाडौं, पूर्वाञ्चल र पोखरा विश्वविद्यालयले आंगिक क्याम्पसलाई विस्तार र संस्थागत गर्नेभन्दा पनि निजी/सामुदायिक क्याम्पसलाई सम्बन्धन प्रदान गर्ने विश्वविद्यालयका रूपमा आफूलाई बढाए। आंगिक-सम्बधन प्राप्त क्याम्पस तथा विद्यार्थीको अनुपात केलाउँदा यो अवधिको विस्तार सम्बन्धन प्राप्ततर्फ ढल्किएको छ (तालिका १)। खास गरी पूर्वाञ्चल तथा पोखरा विश्वविद्यालयमा आंगिकको तुलनामा सम्बन्धन प्राप्त क्याम्पसको संख्या निकै ठूलो छ। सम्बन्धन प्राप्त क्याम्पसमध्ये पनि नाफामूलक निजी क्याम्पसको विस्तार तीव्र रूपमा भएको पाइन्छ। सन् २०००/०१ र सन् २०१२/१३ को अवधिमा सामुदायिक क्याम्पसको संख्या १३२ प्रतिशतले वृद्धि भएको छ भने नाफामूलक निजी क्याम्पसको ७१६ प्रतिशतले। उल्लेखनीय के छ भने कुल ४२७ सामुदायिक क्याम्पसमध्ये ९९ प्रतिशत (४२२ वटा) त्रिविसँग आवद्ध छन् भने बाँकी ५ वटा पूर्वाञ्चलसँग। काठमाडौं र पोखरा विश्वविद्यालयले एउटा पनि सामुदायिक क्याम्पसलाई सम्बन्धन प्रदान गरेका छैनन्।

नयाँ खुलेका विश्वविद्यालयले 'सम्बन्धन' लाई नै आर्थिक स्रोत जुटाउने सजिलो उपायको रूपमा प्रयोग गरेको देखिन्छ। पूर्ण सरकारी लगानीमा सञ्चालन हुने त्रिभुवन विश्वविद्यालयले निजी र सामुदायिक कलेजलाई अन्धाधुन्द नै सम्बन्धन प्रदान गरेको पाइन्छ। र, हाल सम्बन्धन लिएर सञ्चालनमा रहेका कलेजमध्ये ८० प्रतिशतभन्दा बढीले त्रिविबाटै सम्बन्धन प्राप्त गरेका छन्।

यसरी नेपालको उच्च शिक्षाको विस्तार सम्बन्धन मार्फत भए पनि सम्बन्धन दिनका लागि विश्वविद्यालयको आन्तरिक प्रबन्ध बाहेक कुनै पनि नियामक निकाय छैनन्। चिकित्साशास्त्रमा सम्बन्धनको सम्भाव्यता अध्ययनका लागि शिक्षा मन्त्रालय र नेपाल मेडिकल काउन्सिलको केही भूमिका छ। तर विडम्बना के छ भने यी निकायले गर्ने नियमनभन्दा पनि तिनमा सम्बद्ध व्यक्तिहरूले गर्ने आर्थिक चलखेलले चिकित्सा शिक्षालाई बढी आक्रान्त पार्ने गरेको छ।

परीक्षा सञ्चालन गरेर पास-फेलको प्रमाणपत्र प्रदान गर्ने बाहेक विश्वविद्यालयहरूले सम्बन्धन प्रदान गरेका क्याम्पसको गुणस्तरको सुनिश्चितताका लागि फ्याकल्टी तालीम, नयाँ विषयको अभिमुखीकरण, तोकिएको न्यूनतम मापदण्डको सुनिश्चितता आदिबारे कुनै जिम्मेवारी बहन गर्दैनन्। तर सम्बन्धन दिँदाका बखतमा र वार्षिक रूपमा पनि क्याम्पस तथा विद्यार्थीबाट विभिन्न शुल्क विश्वविद्यालयले उठाउँछन् (तालिका २)। त्यस्तो साधारणभन्दा प्राविधिक विषयको सम्बन्धन शुल्क निकै महँगो छ। काठमाडौं, पूर्वाञ्चल तथा पोखरा विश्वविद्यालयको अभिरुचि तिनै महँगा विषयको सम्बन्धन विस्तारमा देखिन्छ। हालका वर्षमा यी विश्वविद्यालयले आफ्नो सञ्चालन जति खर्चभन्दा बढी रकम सम्बन्धन मार्फत उठाइरहेको देखिन्छ।

### तालिका २ : सम्बन्धन शुल्कका प्रकार

| क्र.सं. | विवरण |
|---|---|
| १. | आवेदन शुल्क<br>सम्भाव्यता अध्ययन शुल्क<br>प्रत्येक कार्यक्रम शुल्क |
| २. | वार्षिक सम्बन्धन शुल्क<br>(क) प्राविधिक<br>(ख) अन्य |
| ३. | वार्षिक सेवा शुल्क (प्रति विद्यार्थी) |
| ४. | परीक्षा शुल्क (प्रति विद्यार्थी) |
| ५. | निरीक्षण शुल्क (प्रत्येक पटकका लागि) |
| ६. | नाम परिवर्तन/स्थानान्तरण शुल्क |
| ७. | अक्षयकोष |

सम्बन्धन विस्तारको रणनीतिले विश्वविद्यालयहरूको विद्यार्थी भर्ना क्षमतामा वृद्धि गरे पनि संस्थाको आन्तरिक प्रबन्ध तथा प्राज्ञिक वातावरणमा भने प्रशस्तै चुनौती सृजना गरेको छ। आवश्यक पूर्वाधार नभए पनि कक्षा सञ्चालन, शैक्षिक क्यालेन्डरको कार्यान्वयनमा कठिनाइ, नियमित रूपमा पाठ्यक्रमको परिमार्जन तथा तत्सम्बन्धी फ्याकल्टी ओरिएन्टेसनको अभाव, नियमित अनुगमनमा कमी र आर्थिक चलखेल आदि केही त्यस्ता चुनौती हुन्। स्मरणीय छ, सम्बन्धनमा भएको आर्थिक चलखेल र भ्रष्टाचारको आशंकामा सन् २०१४ को अगस्तमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न विश्वविद्यालयमा छापा मार्ने, कागजात नियन्त्रणमा लिने र पदाधिकारीलाई निलम्बन तथा थुन्नेसम्म गरेको थियो।

यस्ता चुनौती कम गर्नका लागि विश्वविद्यालयले कुनै दीर्घकालीन योजना बनाएका छैनन्। पूर्वाञ्चल विश्वविद्यालय यसको ज्वलन्त उदाहरण हो। विश्वविद्यालय अनुदान आयोगको सन् २०१२/१३ को प्रतिवेदन अनुसार पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका १२५ सम्बन्धन प्राप्त क्याम्पसमा करीव २५ हजार विद्यार्थी छन् भने उसका जम्मा तीनवटा आंगिक क्याम्पसमा ९ सयभन्दा कम विद्यार्थी पढ्छन्। स्थापना भएको दुई दशक पुगिसक्ता पनि आफ्ना शैक्षिक कार्यक्रमलाई सहजताका साथ सुचारु गर्न आवश्यक पर्ने न्यूनतम प्राज्ञिक जनशक्तिको प्रबन्ध गर्न समेत यो विश्वविद्यालय असफल रहेको छ। यो विश्वविद्यालयमा स्थायी अध्यापकको संख्या जम्मा ६१ छ।

सम्बन्धन मार्फत भएको उच्च शिक्षाको विस्तारले विश्वविद्यालयहरूलाई त फाइदा पुग्यो नै, त्यस सँगसँगै उच्च शिक्षामा निजी लगानी पनि बढ्यो। उच्च शिक्षा क्षेत्र पनि नाफामूलक व्यवसाय बन्न पुग्यो। उच्च शिक्षामा भएको निजी लगानीले गर्दा बजारमा सजिलै बिक्ने 'खास प्रकारका शैक्षिक कार्यक्रम' को मात्र विस्तार भइरहेको छ। उदाहरणका लागि पूर्वाञ्चल र पोखरा विश्वविद्यालयसँग आवद्ध करीव ८० प्रतिशत क्याम्पसले व्यवस्थापन र प्राविधिक (इन्जिनियरिङ/मेडिसिन) विषय पढाउँछन्।

उच्च शिक्षामा भएको यस्तो बजारीकरणले समाजविज्ञान र मानविकी अध्ययनलाई थप कमजोर तुल्याएको छ। जस्तै, पोखरा विश्वविद्यालयका ४३ वटा शैक्षिक कार्यक्रममध्ये समाजविज्ञान/मानविकी अन्तर्गत जम्मा तीनवटा कार्यक्रम मात्र सञ्चालन गरेको छ। यस्तै अवस्था पूर्वाञ्चल विश्वविद्यालयमा पनि छ। काठमाडौं विश्वविद्यालयलाई त झन् 'प्राविधिक विश्वविद्यालय' नै भनिदिए हुन्छ। यस अन्तर्गतका १५ सम्बन्धनरत क्याम्पसमध्ये ८ वटा त मेडिकल कलेज मात्र छन्। हरेक वर्ष काठमाडौं विश्वविद्यालयबाट उत्पादन हुने करीव १५ हजार विद्यार्थीमध्ये झण्डै आधा विद्यार्थी मेडिकल साइन्स अन्तर्गतका हुन्छन्। त्यसैले, केही अपवादलाई छोड्ने हो भने प्राविधिक उच्च शिक्षामा निजी क्षेत्रको लगानी गर्ने रुचि शैक्षिकभन्दा पनि व्यापारिक हो भन्न सकिन्छ। मेडिकल क्याम्पसको सम्बन्धनलाई लिएर भइरहेको पछिल्लो रस्साकस्सी मेडिकल शिक्षाको व्यापारीकरणसँग सम्बन्धित छ। र, डा. गोविन्द केसीको अनशन, तिनमा देखिएको समर्थन र विरोधलाई यसै सन्दर्भमा बुझ्न सकिन्छ।

उच्च शिक्षामा सम्बन्धन मार्फत भइरहेको विस्तार र निजीकरणले उच्च शिक्षाको पहुँचमा वर्गीय र क्षेत्रीय असमानता समेत सृजना गरेको छ। उच्च शिक्षाको व्यापारीकरणले उच्च शिक्षा (प्राविधिक) निकै महँगो बनाएको छ। निजी क्याम्पसमा स्नातक गर्न मेडिसिनमा कम्तीमा रु. ४० लाख, इन्जिनियरिङमा रु. ९ लाख, जनस्वास्थ्य र नर्सिङमा रु. ६ लाख तथा व्यवस्थापनमा रु. ५ लाख लाग्न थालेको छ। फलत: यी विषय सामान्य जनताका पहुँचबाट झन् टाढा पुगेका छन्। उच्च शिक्षाको उपलब्धतामा शुरूदेखि नै क्षेत्रीय असन्तुलन थियो, जसलाई निजीकरणले झन् बढावा दियो। हाल भएका उच्च शिक्षा संस्थामध्ये धेरै (करीव ५० प्रतिशत) मध्यमाञ्चल विकास क्षेत्रमा केन्द्रित छन् र ती पनि खास गरी काठमाडौं उपत्यकामा सीमित छन्। त्यसपछि पश्चिमाञ्चलमा १८.४ प्रतिशत र पूर्वाञ्चलमा १७.५ प्रतिशत रहेका छन्। मध्य र सुदूरपश्चिममा जम्मा ७.७ र ६.३ प्रतिशत मात्र छन्। मध्य र सुदूर पश्चिममा शिक्षा र व्यवस्थापनमा मात्र उच्च शिक्षा हासिल गर्न सकिने स्थिति छ। उच्च शिक्षामा देखिएको यस्तो प्रवृत्तिको विकास र विस्तार सामाजिक दृष्टिले न्यायसंगत छैन।

## निजीकरण र केही नीतिगत सवाल

निजी क्षेत्र नेपालको उच्च शिक्षाको अभिन्न अंग बनिसकेको छ। र, निजी क्षेत्रलाई उच्च शिक्षाबाट विस्थापन गरी सार्वजनिक लगानी मात्र गर्ने अवस्था हाललाई देखिँदैन। त्यसैले यस्तो अवस्थामा निजीकरणलाई निषेध या नियन्त्रण गर्नेभन्दा पनि नियमन गर्ने पद्धतिको खाँचो टड्कारो छ। सम्बन्धनलाई खुला छाड्ने होइन, केही निश्चित आधार तय गरेर सोहीमाफिक अगाडि बढ्नु जरूरी देखिन्छ। उदाहरणका लागि, प्रथमत: एउटा विश्वविद्यालयले जति पनि कलेजलाई सम्बन्धन बाँड्न सक्ने हुनु हुँदैन। सो विश्वविद्यालयको आंगिक क्याम्पस, कार्यक्रम, अध्यापक र विद्यार्थी संख्याका निश्चित अनुपातमा मात्र बाहिरी कलेजलाई सम्बन्धन दिने व्यवस्था हुनुपर्छ। विश्वविद्यालय स्वयंसँग विज्ञता या फ्याकल्टी नभएको अवस्थामा सम्बन्धन दिन नपाउने व्यवस्था गर्नु जरूरी छ। आफ्नो मेडिसिन कार्यक्रम र फ्याकल्टी नहुने विश्वविद्यालयले कसरी अर्को संस्थालाई मेडिसिनको कार्यक्रम सञ्चालन गर्न सम्बन्धन दिन सक्छन्, जस्तो कि काठमाडौं विश्वविद्यालयले शुरूमा गरेको थियो? त्यसैले निश्चित सूत्रमा आधारित आंगिक-सम्बधन प्राप्त क्याम्पसको अनुपात तोक्न सकिन्छ, जसले गर्दा विश्वविद्यालयलाई सम्बन्धन प्राप्त क्याम्पसको संख्या बढाउनका लागि आंगिक क्याम्पसको संख्या पनि बढाउनै पर्ने बाध्यता होस्।

दोस्रो, सम्बन्धन प्राप्त गर्नका लागि चाहिने आधारभूत पूर्वाधार तथा प्रावधान अझ स्पष्ट तथा बलियो बनाउनु जरूरी छ। र, ती मापदण्ड पूरा गरेका क्याम्पसलाई मात्र सम्बन्धन दिने व्यवस्था गर्नु आवश्यक छ। भौतिक, आर्थिक तथा शैक्षिक अवस्थाको वृहत् अध्ययनपश्चात् मात्र सम्बन्धनको निर्णय गरिनुपर्छ। यसका लागि विश्वविद्यालय अनुदान आयोगको भूमिका तथा क्षमता वृद्धि गर्न सकिन्छ।

तेस्रो, सम्बन्धन प्राप्त क्याम्पसहरूलाई पनि निजी विश्वविद्यालयमा स्तरोन्नति हुन सक्ने नीतिगत तथा कानुनी प्रावधान बनाउन सकिन्छ। तर, ध्यान दिनुपर्ने कुरा के हो भने यसरी स्तरोन्नति गरिएका विश्वविद्यालयले अन्य क्याम्पसलाई सम्बन्धन दिन नपाउने प्रावधान राखिनुपर्छ ताकि यी विश्वविद्यालयले पनि अहिले जस्तै सम्बन्धन बिक्रीको व्यवसाय शुरू नगरुन्। चौथो, यी सबै प्रावधान र आधारलाई पारदर्शी तुल्याउनु अत्यावश्यक छ। जस्तो, सम्बन्धन प्राप्त गर्नका लागि निजी क्याम्पसले प्राय: झुठा विवरण तयार गर्ने बुझिएकाले त्यस्ता क्याम्पसले बुझाउने सबै विवरण (भौतिक सम्पत्ति तथा प्राज्ञिक क्षमता या शुल्क सूची) अनिवार्य रूपमा वेबसाइटमा राख्ने व्यवस्था मिलाउनु जरूरी छ, जसले गर्दा सम्बन्धनमा हुने अवाञ्छित रकम लेनदेनलाई केही हदसम्म रोक्न सकियोस्। 

(लेखकहरू मार्टिन चौतारीका अनुसन्धाता हुन्)